नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरिया सिँचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाइ
टीकापुर/सुखड, कैलाली

फोन नं.: ०९१-५६१४१५
rjkis2ndagriculture@gmail.com
https://aciu.rjkip.gov.np
Facebook Page: Rani Jamara Kulariya

# कृषि उत्पादन विविधीकरण (युवालक्षित उद्यमशिलता विकास) सहयोग कार्यक्रमका लागि आवेदन प्रस्ताव पेशगर्ने बारेको सूचना

सूचना नं. १२/२०८३/८४
(सूचना प्रकाशित मितिः २०८३/०७/११)

रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाइ, टीकापुरको कार्यक्षेत्रभित्र वालीबस्तु उत्पादन, बिविधिकरण, भण्डारण, प्रशोधन, मूल्यअभिबृद्धि, लेबलिङ्ग, टयागिङ्ग र बजारीकरण लगायतका कृयाकलापगरी स्वरोजगारी स्थापना तथा आयआर्जन सहयोगकालागि आयोजनाको आ.व. २०८३/८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने "कृषि उत्पादन विविधीकरण (युवालक्षित उद्यमशिलता विकास) सहयोग कार्यक्रम" कार्यान्वयनकालागि लागत साझेदारी गरी सहकार्य गर्न ईच्छुक कृषि उद्यमीहरुले माग आवेदन प्रस्ताव पेश गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन (२०८३/०८/१५ गते कार्यालय समय) भित्र आयोजनाको वेबसाइट/फेसबुक पेजमा प्रकाशित ढाँचा बमोजिमको आवेदन प्रस्ताव यस आयोजनाको कार्यालय, टीकापुर वा सम्पर्क कार्यालय सुखड, कैलालीमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु मूल्याङ्कनमा समावेश गरिनेछैन।

| कार्यक्रम | लक्ष्य संख्या | स्वीकृत कूलजम्मा बजेट रकम रु. | लागत साझेदारी सहयोग रकम रु. | लक्षित लाभग्राही | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु |
|---|---|---|---|---|---|
| कृषि उत्पादन बिविधिकरण (यूवा लक्षित उद्यमशिलता विकास) सहयोग कार्यक्रम | २० (कम्तिमा) | ९० लाख | अधिकतम ५०% सम्म | १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम |

**कार्यक्रम सञ्चालन हुने क्षेत्रः** रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्य क्षेत्रभित्र (टीकापुर नगरपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जानकी गाउँपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका भरी र लम्कीचुहा नगरपालिकाको वडा नं. १० भरी र ३, ५ र ७ का तोकिएका क्षेत्र)

**पेश गर्नुपर्ने कागजातहरु**

१. निर्दिष्ट फर्मेट अनुसारको प्रस्तावना
२. नेपाल सरकारद्वारा जारी परिचय खुल्ने कागजातको प्रतिलिपी
३. कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)
४. फर्म/समूह/संस्थाको हकमा दर्ता, प्यान नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र कार्यसमितिको निर्णय
५. बिदेशबाट फर्केको वा सम्बन्धित कार्यको प्राविधिक अनुभव भएमा सो खुल्ने कागजात
६. प्रस्तावित कार्यको अनुमानित लागत ईस्टिमेट बिवरण
७. प्रस्तावित लागत अनुसारको कार्य निरन्तर गर्ने प्रतिवद्धतापत्र/स्वघोषणा

थप जानकारी चाहिएमा आयोजनाको कार्यालय टीकापुर वा सम्पर्क कार्यालय सुखडमा सम्पर्क गर्न सकिनेछ।

Bpuwosk

मितिः

श्रीमान आयोजना कोअर्डिनेटर,
रानी जमरा कुलरिया सिँचाइ आयोजना
कृषि कार्यक्रम कार्यान्वयन एकाइ, टीकापुर, कैलाली

**विषयः आवेदन पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस आयोजनाबाट मिति २०८३/०७/११ गते प्रकशित सुचना नं. १२ मा उल्लेख भएको **"कृषि उत्पादन विविधीकरण (युवालक्षित उद्यमशिलता विकास) सहयोग कार्यक्रम"** सञ्चालन गर्न इच्छुक भएकोले आवश्यक सम्पूर्ण कागजात संग्लन राखी उक्त कार्यक्रमका लागि आवेदन पेशगरेको छु ।

आवेदक,
नामः
पदः
संस्थाको नामः
सम्पर्क नं.:
संस्थाको छापः

क्रियाकलाप सम्बन्धी विवरण

| क.स. | क्रियाकलाप विवरण | क्षेत्रफल/संख्या/वर्गमिटर/अन्य | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

संलग्न गरिएका कागजातहरुः

१. निर्दिष्ट फर्मेट अनुसारको प्रस्तावना
२. नेपाल सरकारद्वारा जारी परिचय खुल्ने कागजातको प्रतिलिपी
३. कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)
४. फर्म/समूह/सहकारी/संस्थाको हकमा दर्ता, प्यान नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र कार्यसमितिको निर्णय
५. बिदेशबाट फर्केको वा सम्बन्धित कार्यको प्राविधिक अनुभव भएमा सो खुल्ने कागजात
६. प्रस्तावित कार्यको अनुमानित लागत ईस्टिमेट बिवरण
७. प्रस्तावित लागत अनुसारको कार्य निरन्तर गर्ने प्रतिवद्धतापत्र/स्वघोषणा

Annex-1

"कृषि उत्पादन विविधीकरण (युवालक्षित उद्यमशिलता विकास) सहयोग कार्यक्रम" सञ्चालनार्थ सहयोग कार्यक्रमकोलागि पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१) आवेदक को नामः

२) उमेर (परिचयपत्रमा स्पष्ट उल्लेख भएको हुनुपर्ने): .....वर्ष

३) संस्था भए स्थापना मितिः

४) सम्पर्क व्यक्तिको नाम र फोन नं.:

५) कार्यक्रम सञ्चालन गर्ने ठेगानाः

६) प्रदेशः सुदुरपश्चिम जिल्लाः कैलाली

७) न.पा./गा.पा. वडाः टोलः

८) प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी विवरण (बाली/वस्तु/मूल्य शृंखलाको क्षेत्र):

९) प्रस्तावित कार्यक्रम सञ्चालनको मुख्य उद्देश्यः

१०) प्रस्तावित कार्यक्रम सञ्चालन सम्बन्धी अनुभवः .....वर्ष

११) प्रस्तावित कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/संख्या/अन्यः

१२) प्रस्तावित कार्यक्रमको कुल लागत रुः

१३) हाल प्रस्तावकसँग उपलब्ध श्रोत-साधन तथा पूर्वाधारहरुको विवरणः

१४) हाल सम्बन्धित बाली/वस्तुको उत्पादनको कार्य भइरहेको भएमा हाल उत्पादन कार्य भइरहेको क्षेत्रफल वा संख्याः

वार्षिक उत्पादन परिमाणः..... वार्षिक आम्दानीः .....

१५) कार्यक्रम सञ्चालन पश्चातको अनुमानित उत्पादकत्वः..... वार्षिक आम्दानीः.....

१६) जग्गाको स्वामित्वः

☐ उद्यमीको स्वामित्व ☐ लिजमा लिएको (कम्तिमा ५ वर्षको सम्झौता/ संरचना निर्माण भएमा कम्तिमा १० वर्षको सम्झौता)

१७) कार्यक्रम सञ्चालनका लागि गरिने प्रमुख क्रियाकलाप तथा अनुमानित लागत

| क्र.स. | क्रियाकलाप | एकाइ | परिमाण | दर | कुल लागत | लागत साझेदारी ५०% | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाइ, चौडाइ, मोटाइ लगायतका लागत अनुमान सम्बन्धि विस्तृत विवरण समेत राख्नु पर्नेछ। |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१८) आफ्नो व्यावसायिक योजना (Business Plan) केहि भएमा थप्न सकिनेछ ।

१९) अन्य केहि उल्लेख गर्नु पर्ने भएमा

.....

२०) उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुठो ठहरिएमा निवेदन स्वतः खारेज भई प्रचलित कानुन बमोजिम सहुँला/बुझाउला ।

आवेदक

दस्तखतः फोन नं.:

मितिः संस्थाको छापः

नामः

पदः

# प्रतिबद्धता पत्र

रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाइ, टीकापुर, कैलालीको मितिः २०८३/०७/११ मा प्रकशित सुचना अनुसार **"कृषि उत्पादन विविधीकरण (युवालक्षित उद्दमशिलता विकास) सहयोग कार्यक्रम"** मा छनौट भै अनुदान सहयोग प्राप्त भएमा प्रचलित कानुन बमोजिम रही नियमित सञ्चालन गर्नेछु। काबु बाहिरको परिस्थितिमा बाहेक अन्य कुनै कारणले सञ्चालन नभएमा प्रचलित कानून बमोजिम कारबाही भएमा हाम्रो आपत्ति हुने छैन भनि प्रतिबद्धता समेत जाहेर गर्दछु।

हस्ताक्षरः
नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नं.:
मितिः
नागरिकता नं.:
नागरिकता जारी भएको जिल्लाः
संस्थाको छापः

दायाँ

बायाँ

औंठाको छाप

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

(क) कृषि क्षेत्रमा युवाको आकर्षण वृद्धि गरी कृषि उद्यम र उद्यमीहरुको विकास गर्ने।

(ख) कृषि तथा पशुपन्छीमा आधारित साना तथा मझौला खालका उद्यम (small and medium scale enterprises) मार्फत रोजगारीका अवसर सिर्जना गर्न सहयोग गर्ने।

(ग) कृषि तथा पशुपन्छीजन्य उत्पादन, प्रशोधन तथा उद्योगका क्षेत्रमा प्रयोग हुने श्रमको उत्पादकत्व (labor productivity) वृद्धि गर्न सहयोग गर्ने।

(घ) कृषि क्षेत्रमा नवप्रवर्तन (innovation) तथा नवीनतम (innovative) प्रविधिहरुको उपयोग र प्रवर्द्धनलाई बढावा दिने।

(ङ) वैदेशिक रोजगारीबाट फर्केका, कृषि विषय अध्ययन गरेका, महिला तथा युवालाई कृषि तथा पशुपन्छीजन्य व्यवसाय/ उद्यम गर्न अभिप्रेरित गर्ने।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन हुने क्षेत्र र लक्षित वर्ग

दफा ४. <u>कार्यक्रम सञ्चालन हुने बाली/ वस्तु तथा मूल्य-शृङ्खलाका क्षेत्र :</u> यस कार्यविधि बमोजिमको कार्यक्रम देहाय अनुसारका बाली/ वस्तु तथा मूल्य-शृङ्खला क्षेत्रहरुमा सञ्चालन गरिनेछः-

(क) तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण,

(ख) तरकारीको बीउ- बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण,

(ग) दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,

(घ) च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,

(ङ) मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

(च) अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण,

(छ) मौरीपालन व्यवसाय र मह प्रशोधन,

(ज) जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो, लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण,

(झ) प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण,

(ञ) बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु- कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय,

(ट) फँलफूल प्रशोधन र बजारीकरण,

(ठ) खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन,

(ड) ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण,

(ढ) साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन,

(ण) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय,

(त) प्राङ्गारिक कृषि वस्तु निर्यात,

(थ) व्यावसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन,

(द) जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।